प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्,
स्तर निर्धारण तथा सम्बन्धन महाशाखा
सानोठिमी, भक्तपुरको

**श्री इन्स्टिच्युट अफ मेडिकल टेक्नोलोजी भरतपुर-१०, चितवनको** नाममा सम्बन्धन/स्वीकृत प्रमाणपत्र तह नर्सिङ्ग कार्यक्रमलाई नामसारी र ठाउँसारीको लागि माग गरेको सम्बन्धमा ३५ दिने हकदावी सम्बन्धी अत्यन्त जरुरी सूचना ।

प्रकाशित मिति २०८२/०४/२७

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बाट ३ वर्षे प्रमाणपत्र तह नर्सिङ्ग कार्यक्रमको सम्बन्धन/स्वीकृति लिई हाल स्थगनमा रहेको संस्था **श्री इन्स्टिच्युट अफ मेडिकल टेक्नोलोजी भरतपुर-१०, चितवनले** उक्त कार्यक्रमलाई **रामगोपालपुर -०९ महोत्तरी स्थित १०० बेडको श्री जानकी एकेडेमिक हस्पिटलको नाममा** नामसारी एवं ठाउँसारी गरी पाउँ भनी पेश गरेको निवेदन उपर कारवाही हुँदा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को मिति २०८२/०३/१७ गते बसेको २०९ औं बैठकको निर्णय नं. ११७१ बमोजिम गठित कार्यटोली बैठकको मिति २०८२/०४/२१ गतेको निर्णयानुसार नामसारी एवं ठाउँसारी प्रकृया अगाडि बढाउने निर्णय भएकोले उल्लेखित संस्था र सम्बन्धन/स्वीकृती भै हाल स्थगनमा रहेको प्रमाणपत्र तह नर्सिङ्ग कार्यक्रम प्रति कोही कसैको हकदावी विरोध गुनासो आदि भए यो सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा अन्तिम पटक प्रकाशित भएको मितिले ३५ दिन भित्रमा स-प्रमाण लिखित जानकारी गराउनुहुन अनुरोध छ ।उल्लेखित समय भित्र कसैको उजुरी नपरेमा कानूनी म्याद समाप्त भएपछि नामसारी, ठाउँसारी प्रकृया अगाडि बढ्ने र म्याद नाघी आएका दावी विरोध उजुरी उपर कुनै कारवाही नहुने व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सम्पर्कका लागि**
प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
फोन नं. ०१-६६३०४०८, सानोठिमी, भक्तपुर।
इमेल:**ctevtaccreditation061@gmail.com**

कृपया दिइएको ढाँचामा परिवर्तन नगरी हुबहु राष्ट्रिय दैनिकमा ३ पटक प्रकाशित गर्नुहोला ।